Australian Government
Department of Health, Disability and Ageing



# डिमेन्सिया (स्मृतिभ्रंश) मा ध्यान दिनुहोस्

## हामी हेरचाहको हरेक चरणमा डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूका लागि सहायतामा सुधार गर्न परिवर्तन गर्दैछौँ।

मार्च 2025

# वृद्ध हेरचाह सुधार गर्ने

अष्ट्रेलियाली सरकारले वृद्ध हेरचाहमा सकारात्मक परिवर्तन गरिरहेको छ। वृद्ध हेरचाह सुधारको रूपमा चिनिने - यी परिवर्तनहरूले - अष्ट्रेलियामा वृद्ध हेरचाहको वर्तमान अवस्था र भविष्यमा सुधार गर्नेछ।

यी मध्येका अधिकतम सुधारहरू Royal Commission into Aged Care Quality and Safety [वृद्ध हेरचाहको गुणस्तर तथा सुरक्षाका निम्ति शाही अनुसन्धान आयोग] ले गरेका सिफारिसहरूको प्रतिक्रिया स्वरूप हुन्। हाम्रो उद्देश्य भनेको वृद्ध मानिसहरूका लागि उनीहरूको ठाउँ र आवश्यकता अनुसार, उच्च गुणस्तरको व्यक्ति-केन्द्रित हेरचाह सेवा प्रदान गर्नु हो।

सुधारहरू मार्फत, डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू र उनीहरूका हेरचाहकर्ताहरूले निदान पश्चात आवश्यक पर्ने सहयोग प्राप्त गर्नेछन्, ताकि उनीहरू लामो समयसम्म आफ्नो घरमा बस्न सकून् र उच्च गुणस्तरीय तथा दक्ष र डिमेन्सिया-सूचित वृद्ध हेरचाह सेवाहरू प्राप्त गर्न सकून्।

GP को सिफारिसलाई साथ दिने गरी स्थानीय डिमेन्सिया हेरचाह केन्द्रका विकल्पहरू, GP तथा वृद्ध हेरचाहमा कार्यरतहरूलाई डिमेन्सिया सम्बन्धी तालिम, द्रुत प्राथमिक सहयोग तथा पहुँचयोग्य सेवा, हेरचाहकर्ताहरूलाई तालिम, डिमेन्सिया मैत्री भवन निर्माण, प्रतिबन्धहरूको कम प्रयोग लगायत कुराहरू परिवर्तनमा समावेश छन्।

## अष्ट्रेलियामा डिमेन्सिया

चार लाख (400K) भन्दा बढी अष्ट्रेलियालीहरू डिमेन्सिया सहित बाँचिरहेका छन्।

डिमेन्सिया महिलाहरूको मृत्युको #1 कारण हो।

मुटुको रोग पछि समग्रमा अष्ट्रेलियामा मृत्युको #2 कारण डिमेन्सिया हो।

डिमेन्सियाका लागि अस्पतालमा भर्ना भएका मानिसहरू अस्पतालको औसत बसाइ भन्दा 5 गुणा लामो समयसम्म बस्छन्।

डिमेन्सिया भएका अष्ट्रेलियालीहरूमा कुल संख्याको झन्डै 2/3 महिलाहरू छन्।

वृद्ध हेरचाह आवासका आधा भन्दा बढी मानिसहरू डिमेन्सिया सहित बाँचिरहेका छन्।

# पहल र कार्यक्रमहरू

## National Dementia Support Program

National Dementia Support Program [राष्ट्रिय डिमेन्सिया सहायता कार्यक्रम] को उद्देश्य भनेको डिमेन्सिया सहित बाँचिरहेका वा संज्ञानात्मक क्षमता गिरावटको अनुभव गरिरहेका व्यक्तिहरू, उनीहरूका हेरचाहकर्ताहरू तथा सहयोगीका सञ्जालहरूलाई डिमेन्सियाको बारेमा थप बुझ्न र तिनीहरूलाई निम्न माध्यमबाट मद्दत गर्नु हो:

- उनीहरूलाई आवश्यक पर्ने सहायता सेवाहरूको बारेमा सही निर्णयहरू गर्न सशक्त बनाउने
- उनीहरूलाई उपयुक्त सेवाहरूसँग आबद्ध गराउने ताकि उनीहरू सकेसम्म लामो समयसम्म डिमेन्सिया सहित आत्म-व्यवस्थापन गर्न र राम्रोसँग बाँच्न सकून्।

National Dementia Support Program परामर्श, शिक्षा, वेबिनारहरू, पिछडिएको समुदायका लागि विशेष सहायता, र अनलाइन पुस्तकालय सेवा मार्फत सहयोग प्रदान गर्दछ।

सहायता **National Dementia Helpline [राष्ट्रिय डिमेन्सिया हेल्पलाइन]**, एक निःशुल्क, गोप्य फोन र इमेल जानकारी र सहायता सेवा मार्फत पनि उपलब्ध छ।

हेल्पलाइनलाई **1800 100 500** मा (24/7, वर्षमा 365 दिन) वा **helpline@dementia.org.au** मा इमेल मार्फत सम्पर्क गर्न सकिन्छ।

## Dementia Friendly Communities

Dementia Friendly Communities [डिमेन्सिया मैत्री समुदाय] कार्यक्रमको उद्देश्य डिमेन्सियाप्रतिको कलङ्कको भावना कम गर्नु र समुदाय स्तरमा डिमेन्सिया सम्बन्धी बुझाई, जागरूकता र मान्यता बढाउनु हो। डिमेन्सिया मैत्री समुदाय कार्यक्रमले निम्न प्रमुख कुराहरू समावेश गर्दछ:

- Dementia Friends [डिमेन्सिया फ्रेन्ड्स], र Dementia Friends Hosts [डिमेन्सिया फ्रेन्ड्स होस्टहरू], जो उनीहरूको आफ्नै समुदायमा सचेतना जगाउने सत्रहरू सञ्चालन गर्न सशक्त र दक्ष छन्
- Dementia Alliances [डिमेन्सिया गठबन्धनहरू], स्थानीयहरूको दिगो समूहहरू जसले उनीहरूको समुदायलाई डिमेन्सिया अनुकूल बनाउन मद्दत गर्न कार्य योजनाहरू विकास गर्छन्
- स्थानीय परियोजनाहरूका लागि Community Engagement Grants [सामुदायिक संलग्नता अनुदानहरू] जसले डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूलाई उनीहरूको समुदायमा समावेशीकरण र संलग्नतालाई प्रोत्साहित गर्दछ
- सामुदायिक संगठनहरू र व्यवसायहरूलाई डिमेन्सिया भएका मानिसहरूलाई थप समावेशी बनाउन र डिमेन्सिया मैत्रीको रूपमा मान्यता प्राप्त गर्नको लागि मद्दत गर्न सहायता।

थप जान्नको लागि **health.gov.au/our-work/dementia-friendly-communities** हेर्नुहोस्।

## Primary Health Networks डिमेन्सिया सहायता मार्गहरू

Primary Health Networks [प्राथमिक स्वास्थ्य सञ्जालहरू]ले स्थानीय डिमेन्सिया सहायता मार्गहरू विकास गरेका छन्, जसले GP हरूलाई डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूलाई आवश्यक पर्ने थप चिकित्सकीय र स्थानीय सहायतासँग आबद्ध गराउन मद्दत गर्दछ।

डिमेन्सिया-विशेष मार्गहरूले स्वास्थ्यकर्मीहरूलाई डिमेन्सियाको निदान र हेरचाहका सबै चरणहरूमा राम्रोसँग सहयोग गर्न मद्दत गरिरहेका छन्।

यी मार्गमा निम्न कुरा समावेश छन्:

- उपयुक्त भएमा थप विशेष मूल्याङ्कन र नैदानिक सेवाहरूमा सिफारिसहरू
- डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू, उनीहरूका हेरचाहकर्ताहरू र परिवारका लागि निदान पश्चातका सेवाहरू र सहायताहरूका लागि सिफारिसहरू।

Primary Health Networks तथा Dementia Australia ले डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू, उनीहरूका हेरचाहकर्ताहरू र सहयोगीका सञ्जालहरूलाई उनीहरूको स्थानीय क्षेत्रमा के सहयोग र सेवाहरू उपलब्ध छन् भनेर बुझ्नका लागि स्रोतहरू विकास गरेका छन्।

## डिमेन्सिया तथ्याङ्क अनुगमन गर्ने

Australian Institute for Health and Welfare अवस्थित National Centre for Monitoring Dementia [डिमेन्सिया अनुगमनका लागि राष्ट्रिय केन्द्र] ले:

- अष्ट्रेलियामा डिमेन्सियाको नियमित अनुगमन गर्दछ
- वर्तमान तथ्याङ्कका अन्तरहरूलाई सम्बोधन गर्दछ
- डिमेन्सिया सहित बाँचिरहेका अष्ट्रेलियालीहरूका लागि विशेष नीतिको आवश्यकताहरू सूचित गर्दछ।

निम्न सम्बन्धी नयाँ तथ्याङ्क अब उपलब्ध छ:

- किशोरावस्थामा सुरू हुने डिमेन्सिया
- डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूको मानसिक स्वास्थ्य
- डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरूका लागि स्वास्थ्य र वृद्ध हेरचाह सम्पर्क बिन्दु।

## डिमेन्सिया, वृद्धावस्था र वृद्ध हेरचाह उद्देश्य

Dementia, Ageing and Aged Care Mission [डिमेन्सिया, वृद्धावस्था र वृद्ध हेरचाह उद्देश्य] एक Medical Research Future Fund पहल हो। 10 वर्षे लगानी योजना अन्तर्गत, सन् 2018-19 र 2028–29 को बीचमा अनुसन्धानमा $185 मिलियन लगानी गरिनेछ। यस अनुसन्धानले वृद्ध अष्ट्रेलियालीहरूलाई उनीहरूको स्वास्थ्य र जीवनको गुणस्तर कायम राख्न, लामो समयसम्म स्वतन्त्र रूपमा बाँच्न र आवश्यक पर्दा हेरचाहमा पहुँच गर्न मद्दत गर्नेछ।

## National Dementia Action Plan

National Dementia Action Plan 2024–2034 (Action Plan) [राष्ट्रिय डिमेन्सिया कार्य योजना] अष्ट्रेलियाली सरकार, राज्य र क्षेत्रीय सरकारहरू बीचको संयुक्त 10 वर्षे पहल कार्यक्रम हो। यसमा डिमेन्सिया सम्बन्धी जागरूकता बढाउने, जनसंख्याको डिमेन्सियाको जोखिम कम गर्ने, र डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू, उनीहरूका परिवार र हेरचाहकर्ताहरूका लागि अष्ट्रेलियाभरि राम्रो समन्वय सेवाहरू चलाउने उद्देश्य रहेका 8 उच्च-स्तरीय कार्यहरू समावेश छन्।

Action Plan [कार्य योजना] अनुरूपको कार्य प्रगति अनुगमन गरिनेछ र Australian Institute of Health and Welfare द्वारा विकसित National Dementia Action Plan सूचक ड्यासबोर्ड मार्फत वार्षिक रूपमा प्रतिवेदन गरिनेछ।

Action Plan डिमेन्सिया सहित बाँचिरहेका अष्ट्रेलियाका मानिसहरूको जीवनको गुणस्तर सुधार गर्न साँचो र स्थायी सकारात्मक परिवर्तनहरू गर्ने अवसर प्रदान गर्दछ।

थप जान्नको लागि **health.gov.au/our-work/national-dementia-action-plan** हेर्नुहोस्।

## डिमेन्सिया व्यवहार सहायताहरू

व्यक्ति-केन्द्रित व्यवहार सहायता रणनीतिहरूले डिमेन्सिया सहित बाँचिरहेका मानिसहरू र उनीहरूको हेरचाह गर्नेहरूका लागि राम्रो नतिजा निम्त्याउन सक्छ। निःशुल्क डिमेन्सिया व्यवहार सहायता सेवाले परिवार, हेरचाहकर्ताहरू र स्वास्थ्य तथा वृद्ध हेरचाह कार्यबललाई थप विशेष र व्यक्तिगत सहायता प्रदान गर्दछ, जहाँ डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिमा डिमेन्सियाका व्यवहारिक र मनोवैज्ञानिक लक्षणहरूले हेरचाहमा प्रभाव पार्छन्।

डिमेन्सिया व्यवहार सहायता सेवाहरू हाल Dementia Support Australia द्वारा उपलब्ध गरिन्छ र यिनीहरूको हेल्पलाइनलाई **1800 699 799** मा 24/7 वा **dementia.com.au** मा गएर पहुँच गर्न सकिन्छ।

### Dementia Behaviour Management Advisory Service

Dementia Behaviour Management Advisory Service [डिमेन्सिया व्यवहार व्यवस्थापन सल्लाहकार सेवा] ले डिमेन्सियाको हल्का देखि मध्यम व्यवहारिक र मनोवैज्ञानिक लक्षणहरूले व्यक्तिको हेरचाह वा जीवनको गुणस्तरलाई असर गरेपछि सहयोग र सल्लाह प्रदान गर्दछ। प्रशिक्षित परामर्शदाताहरू कुनै पनि पर्यावरणमा (समुदाय, आवासीय वृद्ध हेरचाह र स्वास्थ्य सेवा पर्यावरणहरू सहित), अष्ट्रेलियाको कुनै पनि ठाउँमा (ग्रामीण र दुर्गम स्थानहरू सहित) र डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिको उमेरको प्रवाह नगरी काम गर्छन्। उनीहरूको भूमिका निम्न हुन्छ:

- डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूका सेवा प्रदायकहरू र हेरचाहकर्तालाई सहयोग गर्ने
- सेवा प्रदायक र हेरचाहकर्ताहरूलाई व्यवहारको कारण र/वा उत्तेजित गराउने कुराहरूबारे बुझ्न मद्दत गर्ने
- प्रदायकहरू र हेरचाहकर्ताहरूलाई कार्यलाई अनुकूलन गर्ने, दुखाइ कम गर्ने, अन्य अपूरणीय आवश्यकताहरूलाई सम्बोधन गर्ने, र संलग्नता सुधार गर्ने रणनीतिहरू विकास गर्न मद्दत गर्दछ।

### गम्भीर व्यवहार प्रतिक्रिया टोलीहरू

स्वीकृत आवासीय वृद्ध हेरचाह प्रदायकहरूले डिमेन्सियाको गम्भीर व्यवहारिक र मनोवैज्ञानिक लक्षणहरू भएका मानिसहरूका आवश्यकताहरूलाई सम्बोधन गर्न Severe Behaviour Response Teams [~~गम्भीर~~ चिन्ताजनक व्यवहार प्रतिक्रिया टोलीहरू] बाट सहयोग अनुरोध गर्न सक्छन्।

Severe Behaviour Response Teams ले हेरचाह सञ्जालसँग निम्न कुरामा हातेमालो गर्छन्:

- व्यवहारमा परिवर्तनहरू ल्याउने कारणहरू बुझ्न र अनुकूल हेरचाह योजनाहरू विकास गर्न जसले व्यवहार सहायता योजनाहरूलाई सूचित गर्न सक्छ
- मोडलिङ (आदर्श प्रदर्शन गर्ने) रणनीतिहरू मार्फत कर्मचारीको ज्ञान बढाउन
- सिफारिसहरू कार्यान्वयन गर्न निरन्तर मार्गदर्शन प्रदान गर्न।

## विशेषज्ञ डिमेन्सिया हेरचाह

Specialist Dementia Care Program [विशेषज्ञ डिमेन्सिया हेरचाह कार्यक्रम] ले डिमेन्सियाका धेरै ~~गम्भीर~~ चिन्ताजनक व्यवहारिक र मनोवैज्ञानिक लक्षणहरू भएका मानिसहरूलाई सहयोग गर्दछ, जब उनीहरूको आवश्यकताहरूलाई आवासीय वृद्ध हेरचाह सुविधामा पूरा गर्न सकिँदैन। यस कार्यक्रमले निम्न परिस्थितिहरूमा डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरूका लागि विशेष हेरचाह प्रदान गर्दछ:

- व्यक्तिलाई शारीरिक आक्रामकता वा अन्य व्यवहारहरूले जटिल बनाएको धेरै गम्भीर डिमेन्सिया छ
- व्यक्तिको आवासीय हेरचाह सुविधा वा हेरचाहकर्ताहरूले अन्य सेवाहरूको सहयोगमा पनि व्यवहारहरूलाई व्यवस्थापन गर्न सक्दैनन्।

सानो समूह हेरचाह कुटी जस्तो डिमेन्सिया-मैत्री वातावरणमा प्रदान गरिन्छ जसमा डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूले निम्न कुरा प्राप्त गर्छन्:

- डिमेन्सिया प्रशिक्षण भएका कर्मचारीहरूबाट व्यक्तिगत, लक्ष्य-केन्द्रित हेरचाह
- विशेषज्ञ चिकित्सकीय सेवाहरूबाट सहयोग।

Specialist Dementia Care Program भनेको एक परिवर्तनात्मक कार्यक्रम हो जसको उद्देश्य औसत 12 महिना भित्र डिमेन्सियाका व्यवहारिक लक्षणहरूलाई कम वा स्थिर गर्नु हो।

कार्यक्रमले आवासीय वृद्ध हेरचाह प्रदायकहरूसँग निम्न कुरामा काम गर्ने लक्ष्य राखेको छ:

- डिमेन्सिया सहित बाँचिरहेका मानिसहरूलाई आवासीय हेरचाह भित्र र बाहिर आवश्यक रूपमा परिवर्तन गर्न सहयोग प्रदान गर्ने
- डिमेन्सिया-मैत्री वातावरणमा, प्रतिबन्ध बिना, उत्तम-अभ्यास हेरचाहको विकास गर्ने
- कार्यक्रम मार्फत हेरचाहको आवश्यकता नपर्ने भएपछि कम गहन हेरचाह पर्यावरणहरूमा जान मद्दत गर्ने
- राज्य र क्षेत्रीय सरकारी सेवा तथा व्यवहार सहायता सेवाहरूको साथमा काम गर्ने
- डिमेन्सियाको धेरै गम्भीर व्यवहारिक र मनोवैज्ञानिक लक्षणहरू भएका मानिसहरूको जीवनको गुणस्तरमा सुधार ल्याउने।

थप जान्नको लागि **health.gov.au/our-work/specialist-dementia-care-program-sdcp** हेर्नुहोस्।

## Hospital to Aged Care Dementia Support Program

Hospital to Aged Care Dementia Support Program [अस्पताल देखि वृद्ध हेरचाहसम्मको डिमेन्सिया सहायता कार्यक्रम] ले वृद्ध हेरचाह सहायता सहित अस्पतालबाट आवासीय वृद्ध हेरचाहमा वा वृद्ध हेरचाह सहयोग सहितको घरमा स्थानान्तरण गर्न मद्दत गर्छ। कार्यक्रमले अस्पताल र वृद्ध हेरचाह कर्मचारी, वृद्ध व्यक्ति र उनीहरूको परिवार वा हेरचाहकर्ताहरूलाई निम्नमा सहयोग गर्दछ:

- उनीहरूको अस्पताल बसाइको बखत
- अस्पतालबाट बाहिर स्थानान्तरण गर्दा
- अस्पतालबाट डिस्चार्ज भएपछि 3 महिनासम्म वृद्ध हेरचाह समर्थित वातावरणमा।

Dementia Support Australia अष्ट्रेलियाली सरकारको तर्फबाट प्रत्येक राज्य र क्षेत्रमा उपस्थिति जनाउँदै 11 स्थानहरूमा कार्यक्रम प्रदान गर्दैछ। सहभागी अस्पतालका कर्मचारीहरूले योग्य अस्पतालका बिरामीहरूलाई कार्यक्रममा पठाउन सक्छन्। थप जान्नको लागि **health.gov.au/our-work/hacdsp** हेर्नुहोस्।

## डिमेन्सिया प्रशिक्षण

Dementia Training Australia डिमेन्सिया हेरचाहमा रहेका वृद्ध हेरचाहकर्ता र स्वास्थ्यकर्मीहरूलाई निःशुल्क प्रशिक्षण र स्रोतहरू प्रदान गरेर दक्ष बनाइरहेको छ, जसमा निम्न कुरा समावेश छन्:

- योग्य हेरचाह कार्यकर्ताहरूको लागि निःशुल्क, व्यावसायिक स्तरको डिमेन्सिया हेरचाह प्रशिक्षण पाठ्यक्रमहरू
- GP, नर्सहरू, फार्मासिष्टहरू, मनोवैज्ञानिकहरू, विशेषज्ञहरू, सम्बद्ध स्वास्थ्य र अन्य सान्दर्भिक व्यक्तिहरूलाई डिमेन्सिया मूल्याङ्कन, निदान र व्यवस्थापनमा व्यावसायिक विकास प्रशिक्षण जारी राख्ने
- वृद्ध हेरचाह प्रदायकहरूलाई उपयुक्त भएमा स्थलगत प्रशिक्षण, एक अनुकूलित प्रशिक्षण प्याकेज पछि डिमेन्सिया सम्बन्धी सीप र वातावरण अनुगमन
- डिमेन्सिया हेरचाह अग्रणीलाई उत्कृष्ट अभ्यास साझा र संस्थागत गरि व्यक्तिगत हेरचाह कार्यकर्ताहरूका लागि डिमेन्सिया हेरचाहमा स्थानीय नेतृत्व निर्माण गर्न मद्दत गर्न सामुदायिक अभ्यास र उन्नत प्रशिक्षण अवसरहरू
- आमने-सामने प्रशिक्षण पूरक हुने किसिमको एक अनलाइन प्रशिक्षण पोर्टल।

नयाँ National Dementia Training and Education Standards Framework [राष्ट्रिय डिमेन्सिया प्रशिक्षण र शिक्षा मानक रूपरेखा] ले शिक्षाको पर्यावरणको विस्तृत दायरामा डिमेन्सिया शिक्षाबाट मुख्य शिक्षा क्षेत्रहरू र इच्छित परिणामहरू बुझ्नको लागि एक व्यापक मार्गनिर्देशन प्रदान गर्दछ।

यो रूपरेखाले प्रयोगकर्ताहरूलाई डिमेन्सिया प्रशिक्षण पार गर्न र उनीहरूको विशिष्ट सिकाइ आवश्यकताहरूमा लक्षित उच्च गुणस्तरको प्रशिक्षण फेला पार्नका लागि मद्दत गर्न पहुँचयोग्य र नियमित शिक्षा तथा प्रशिक्षण मार्गहरू प्रदान गर्दछ।

परिवर्तित व्यवहार व्यवस्थापन सम्बन्धी थप प्रशिक्षण पनि उपलब्ध छ। यसमा Changed Behaviour Toolkit [परिवर्तित व्यवहार स्रोत सामाग्री] समावेश छ, जसले व्यवहार पछाडीको व्यक्तिमा जोड दिएर, साथै विशिष्ट परिवर्तित व्यवहार र मनोवैज्ञानिक लक्षणहरूमा जोड दिएर उत्तम अभ्यास दृष्टिकोणहरूमा ध्यान केन्द्रित गर्दछ।

प्रशिक्षण, शिक्षा र स्रोतहरूको बारेमा थप जानकारीको लागि, **1300 229 092** मा फोन गर्नुहोस् वा **dta.com.au** मा हेर्नुहोस्।

## डिमेन्सिया सहित बाँचिरहेका र उनीहरूका हेरचाहकर्ताहरूसँग बस्ने मानिसहरूको लागि राहत हेरचाहमा सुधार

यस कार्यक्रमको उद्देश्य डिमेन्सिया-विशिष्ट राहत सहायता सेवाहरूमा पहुँचको माध्यमबाट डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिको हेरचाह गर्ने हेरचाहकर्ताहरू र परिवारहरूलाई सहयोग गर्नु हो, जसले निम्न सुधार गर्दछ:

- डिमेन्सिया सहित बाँचिरहेका र उनीहरूका हेरचाहकर्ताहरूसँग बस्ने व्यक्तिको लागि राहत हेरचाहको गुणस्तर र अनुभव
- हेरचाहकर्ताको कल्याण
- डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू र उनीहरूका हेरचाहकर्ताहरूका लागि हेरचाह योजना तथा उनीहरूको घर र विश्रामको ठाउँ बीचको स्थानान्तरणमा सुधार।

कार्यक्रम सबै राज्य तथा क्षेत्रहरूमा चलिरहेको र निम्न प्रदान गरिरहेको छ:

- हेरचाहकर्ता शिक्षा र कल्याण
- डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरूका लागि राहत हेरचाहको गुणस्तर र अनुभव सुधार गर्न नवीन दृष्टिकोणहरू
- डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरूका लागि सुधारिएको राहत हेरचाह योजना
- वृद्ध हेरचाह प्रदायकहरूको गुणस्तर, डिमेन्सिया-विशिष्ट राहत हेरचाह प्रदान गर्ने क्षमतामा वृद्धि।

यस कार्यक्रम अन्तर्गत, Dementia Support Australia द्वारा समर्थित टास्मानिया विश्वविद्यालयले वृद्ध हेरचाह कार्यकर्ताहरूलाई डिमेन्सिया र उनीहरूका हेरचाहकर्ताहरूसँग बस्ने मानिसहरूको राहत आवश्यकताहरूको बारेमा उनीहरूको बुझाइमा सुधार ल्याउन प्रशिक्षण पनि प्रदान गर्दछ।

Dementia Respite Education and Mentoring (DREAM) [डिमेन्सिया राहत शिक्षा र मार्गदर्शन] परियोजनाले वृद्ध हेरचाह प्रदायकहरूलाई अभ्यास र कोचिंग प्रदान गर्दै प्रशिक्षणलाई राहत दिन नयाँ, नवीन र लचिलो दृष्टिकोण अपनाउँछ।

थप जान्नको लागि **health.gov.au/our-work/improving-respite-care-for-people-living-with-dementia-and-their-carers** हेर्नुहोस्।

### National Aged Care Design Principles and Guidelines

1 जुलाई 2024 मा, अष्ट्रेलियाली सरकारले आवासीय वृद्ध हेरचाहमा बस्ने वृद्धहरूको जीवनको गुणस्तर सुधार गर्न National Aged Care Design Principles and Guidelines [राष्ट्रिय वृद्ध हेरचाह योजना सिद्धान्त र निर्देशिकाहरू] सुरूवात गऱ्यो।

सिद्धान्त र दिशानिर्देशहरूले वृद्ध हेरचाह प्रदायकहरू र योजना विशेषज्ञहरूलाई थप घर जस्तो वातावरण सिर्जना गर्न प्रोत्साहित गरेर वृद्ध हेरचाह आवासहरूमा बस्ने वृद्ध मानिसहरूलाई सहयोग गर्नेछ। वृद्ध व्यक्तिहरू, विशेष गरी डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरूले राम्रोसँग योजना गरिएको आवासबाट लाभान्वित हुनेछन् जसले उनीहरूमा आफ्नो घरको भावना सिर्जना गर्दछ, बाह्य स्थानमा पहुँच दिन्छ र समुदायसँग आबद्ध राख्छ।

सिद्धान्त र दिशानिर्देशहरूले यस्ता वातावरणहरू सिर्जना गर्न मद्दत गर्नेछ जसले:

- व्यक्तिको स्वास्थ्य र कल्याण कायम राख्दछ
- पहिचान, मर्यादा र आफ्नोपनको भावनालाई समर्थन गर्दछ
- मानिसहरूलाई उमेर बढ्दै जाँदा स्वतन्त्र रहन मद्दत गर्दछ।

थप जान्नको लागि **health.gov.au/our-work/improving-accommodation-in-residential-aged-care** हेर्नुहोस्।

### थप जानकारी

डिमेन्सिया सहित बाँचिरहेका व्यक्तिहरू, उनीहरूका हेरचाहकर्ताहरू र परिवारहरूलाई सहयोग गर्न हामी के गर्दैछौँ भनेर **health.gov.au/dementia** मा गएर थप जानकारी प्राप्त गर्नुहोस्।

## वृद्ध हेरचाह सम्बन्धी परिवर्तन हामी मिलेर गरौँ

हामी अष्ट्रेलियामा वृद्ध व्यक्तिहरूका लागि राम्रो वृद्ध हेरचाह सेवाहरू र राम्रो स्तरको हेरचाह सिर्जना गर्न वृद्ध व्यक्तिहरू, उनीहरूका परिवारहरू तथा हेरचाहकर्ताहरू र वृद्ध हेरचाह क्षेत्रसँग मिलेर काम गरिरहेका छौँ।

सर्वेक्षणहरू, वेबिनारहरू, अनलाइन कार्यशालाहरू, परामर्श पत्रहरू र आमने-सामने कार्यक्रमहरू मार्फत हालसम्म सुधारहरूलाई आकार दिन हजारौँ मानिसहरू संलग्न भएका छन्।

वृद्ध हेरचाह प्रदायकहरू र वृद्ध हेरचाह कामदारहरूका लागि वृद्ध हेरचाहका परिवर्तनहरूबारे आफ्नो भनाइ राख्न प्रशस्त अवसरहरू छन्:

- हाम्रो पत्राचार सूचीमा सामेल हुनुहोस् र **health.gov.au/aged-care-newsletter-subscribe** मा वृद्ध हेरचाह क्षेत्रलाई प्रभाव पार्ने मुद्दाहरूको बारेमा अद्यावधिक रहनुहोस्।